# आकाशवाणी समाचार- नेपाली

मितिः २० सितम्बर २०२५

समयः १९:५० - २०:०० बजे (*अवधिः १० मिनट*)

## मुख्य समाचार

- पश्चिम बंगाल शिक्ष्द्धाक नियुक्ति घोटाला गवाहरूको बयान दर्ता गर्ने क्रम सोमबार सम्म चल्न छ राज्य एसएससी का पूर्व अध्यख चित्तरंजन मण्डलले पूर्व मुंत्री पार्थ चटर्जीले अवैधरूपमा नियुक्ति गर्ने रवाब बनाएको बताएका छन्।
- भोली राज्यभरी महालया पालन गरिन्दैछ। यसका साथै राज्यको विश्व प्रसिद्ध दुर्गा पूजा आरम्भ हुनेछ।
- जीटिए क्षेत्रका चारै नगरपालिकाहरूको सिवरैज प्रबन्धन संबधित डीपीआर तैयार पाने निद्रेश जारी गरिएको छ।
- नयाँ जीएसटि दरहरू २२ सितमबर देखि लागु हुनेछ।
- राज्यभरी आफ्नो शताबीको वर्ष्काको शुभारम्भ गर्दै राष्टि्रय स्वयंसेवक संघले प्रत्येक नगर, उपनगर र खण्ड स्तरमा एकै दिन एकै साथ पूर्ण गणदेशमा पथ संचालन आयोजित गरेको छ।
- मौसम विभागले दुर्गा-पूजा अवधि राज्यमा वर्षा हुने अनुमान व्यक्त गरेको छ।

## शिक्षक नियुक्ति घोटाला

शिक्षक नियुक्ति घोटालामा एउटा महत्वपूर्ण खुलासा भएको छ। पश्चिम बंगाल स्कूल सेवा आयोग (डब्ल्यूबीएसएससी)-का पूर्व अध्यक्ष चित्तरञ्जन मण्डलले सीबीआईलाई दिएको आफ्नो बयानमा तृणमूल कंग्रेस महासचिव र पूर्व मन्त्री पार्थ च्यटर्जीले शिक्षा विभागको जिम्मेवारी ग्रहण गर्न अगावै अनियमित नियुक्तिहरूको निम्ति दबाव दिन शुरू गरेको बताउनु भएको छ। श्री मण्डलको बयानलाई सीबीआईको विशेष अदालतमा पनि पेश गरिएको छ। बयान अनुसार वर्ष 2011-2013 बीच उहाँ आयोगको अध्यक्ष पदमा आसिन थिए। त्यसताक पार्थ च्यटर्जीले उद्योग एवं वाणिज्य विभागलाई सम्हालिरहेका थिए भने शिक्षा विभागको जिम्मेवारी वर्तमान मन्त्री ब्रात्य बसुसित थियो। यस मामिलामा गवाहहरूको बयान दर्ता गर्ने प्रक्रिया शनिवार र सोमवार पनि जारी रहनेछ। त्यसपछि अभियोजन अनि बचाउ पक्षका तर्क अनि प्रतितर्क अदालतमा शुरू हुनेछ। सीबीआईका एकजना अधिकारीले श्री मण्डलको बयान अत्यन्त महत्वपूर्ण रहेको बताउनु भएको छ। यसलाई विशेष नोटको रूपमा अदालतमा पेश गरिएको छ। सम्पूर्ण जाँच यसै बिन्दुमाथि केन्द्रित भएको छ कि यस सम्पूर्ण भ्रष्टाचारको केन्द्रमा पार्थ च्यटर्जी छन्।

## कानूनी सचेतना कार्यक्रम

पश्चिम बंगाल राज्य कानूनी सेवा प्राधिकरण अन्तर्गत दार्जीलिङ जिल्ला कानूनी सेवा प्राधिकरणले आज गाडीधुरा सार्वजनिक भवनमा कानूनी सचेतना कार्यक्रम आयोजना गर्यो। कार्यक्रममा कलकत्ता उच्च अदालतका कार्यवाहक मुख्य न्यायाधीश तथा सलसाका कार्यकारी अध्यक्ष न्यायाधीश सुमेन सेन प्रमुख अतिथि थिए। श्री सेनले चिया श्रमिक र उनीहरूको परिवारका लागि उपलब्ध कानूनी सुविधाबारे जानकारी गराउँदै श्रमिकहरू प्रायः जानकारीको अभावमा अधिकारबाट वञ्चित रहेको बताउनु भयो। उहाँले पीएफ र ग्रेजुटी समस्याबारे मासिक रिपोर्ट बुझाउनुपर्ने कानूनी प्रावधान रहेको जनाउँदै श्रमिकले आफ्नो अधिकार पाउनुपर्ने बताउनु भयो। यस कार्यक्रममा स्वयं सेविका पूर्णकला थापाले कानूनी सेवा प्राधिकरणमार्फत आर्थिक रूपमा कमजोर, नारी, बालबालिका, दलित, ओबीसी, दिव्याङ्गजन, जेलमा परेकाहरू तथा प्राकृतिक विपतग्रस्त व्यक्तिलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराइने जानकारी दिनु भयो। कार्यक्रममा कानूनी अधिकारी, चिया बगान श्रमिक सङ्गठनका प्रतिनिधि, ग्राम पञ्चायत सदस्य र सचेत नागरिकहरूको सहभागिता थियो।

**<u>जी एस टी</u>**

कर संरचनालाई सरल बनाउने र नागरिकहरूमा आर्थिक भार कम गर्ने दिशामा नेक्स्ट जेनेरेशन जी एस टी  सुधारहरूको घोषणा गरिएको थियो। यो नयाँ कर दरहरू सोमबारबाट लागू हुनेछन्। यसै बीच उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण मन्त्रालयले जीएसटी दर र छुटहरू कार्यान्वयन पछि, एकीकृत गुनासो निवारण संयन्त्र-आईएनजीआरएम पोर्टलमा उपभोक्ता गुनासोहरूको समाधान सुरु गरिने बताएको छ।

**<u>सेवा पर्व - सार्वभौमिक स्वास्थ्य</u>**

सेवा एवं सुशासनबात प्रेरित भएर, प्रधानमंत्री नरेंद्र मोदीको नेतृत्वमा सरकार परिवर्तन अनि प्रगति ल्याउनको लागि अथक प्रयास गरि रहेको छ। आज, यस विशेष श्रृंखला - 'सेवा पर्व' मा, हामी तपाईहरुको लागि मोदी सरकारले विश्वव्यापी रूपमा स्वास्थ्य सेवा प्रणालीलाई कसरी बलियो बनाएको छ र जनतालाई गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गरेको छ भन्ने बारेमा जानकारी गराउँदैछौं।

**<u>दुर्गा पूजा एप</u>**

राज्यभरि नै दुर्गा पूजालाई ध्यानमा राख्दै पश्चिम बंगाल पुलिस औ कोलकाता पुलिसले सुरक्षाको व्यापक प्रबन्ध गरेको छ। ***कोलकाता पुलिसका एकजना वरिष्ठ अधिकारीले बताए अनुसार भोली महालयको दिन गंगा घाटमा सुचारू रूपमा तर्पण हुन सकोस् भनेर विशेष व्यवस्था गरिएको छ। कोलकाता पुलिस कमिश्नर मनोज वर्माले भनेका छन्, दुर्गा पूजा अवधि श्रद्धालुहरूको सुविधाको लागि कोलकाता पुलिसले एक विशेष मोबाइल एप तयार गरेको छ जसलाई चाँड़ै लञ्च गरिनेछ। यस एपमा श्रद्धालुहरूलाई पूजा मण्डपसम्म पुग्ने मार्ग, वरपरका अन्य पण्डालहरूको जानकारी,आपतकालीम सम्पर्क तथा हेल्पलाइन नम्बर उपलब्ध रहनेछ। दुर्गा पूजालाई लिएर कार्निभल तथा लक्ष्मी पूजा विसर्जनसम्म राज्यभरि नै अतिरिक्त सुरक्षा व्यवस्था गरिनेछ। पुलिस सूत्र अनुसार प्रत्येक ज़िल्लामा लगभग 10–15 हजारभन्दा अधिक सुरक्षा कर्मीहरूलाई तैनाथ गरिनेछ। यस अतिरिक्त होमगार्ड र एनसीसी जवानहरू समेत ड्यूटीमा रहनेछन्।***

**<u>दार्जीलिङ बार एसोसिएशन</u>**

दार्जीलिङ बार एसोसिएशनले आज एक पत्रकार सम्मेलनमार्फत आफ्नो अनिश्चितकालीन हडताल फिर्ता लिने घोषणा गरेको छ। यसअनुसार आगामी सोमबारदेखि नियमित कामकाज शुरु हुने भएको छ। यो निर्णय सरकारी सूचनापत्र सार्वजनिक भएपछि गरिएको हो, जसअनुसार मङ्पु सत्र अदालतका न्यायाधीश अलकनन्दा सरकारलाई तत्काल प्रभावले झारग्राममा स्थानान्तरण गरिएको छ। बार एसोसिएशनका सदस्यहरूले यस घटनालाई केवल बार सदस्यहरूको मात्र नभई सम्पूर्ण नेपाली भाषी गोर्खा समुदायकै प्रतीकात्मक विजय भएको बताएका छन्। यस पत्रकार सम्मेलनमा दार्जीलिङ जिल्ला सत्र अदालत, दार्जीलिङका अध्यक्ष तरङ्ग पण्डित, उपाध्यक्ष प्रणय राई र महासचिव दिनेश चन्द्र राईले विस्तृत जानकारी दिएका छन्।

**<u>खरसाङ नगरपालिका स्वेरेज</u>**

खरसाङ नगरपालिका तथा नगरवासीहरूको प्रमुख समस्या स्वेरेज लाइन सुव्यवस्थित गर्ने विषयमा नगरपालिका पक्षले निरन्तर सरकारसँग सम्पर्क गरिरहेको छ। यसै क्रममा, केही दिनअघि जी टी ए चिफ अनित थापा स्वयम् कोलकाता पुगेर पहाडका नगरपालिकाहरूको विभिन्न समस्या, विशेष गरी स्वेरेज व्यवस्थापनको विषय लिएर नगर विकास मन्त्रीसँग भेट गरेका थिए। जनहितलाई मध्यनजर राख्दै उहाँले स्वेरेज लाइन व्यवस्थित बनाउन लिखित रूपमा जानकारी गराएका थिए। यसको फलस्वरूप, हिज मात्रै पहाडका चारवटा नगरपालिकाका लागि स्वेरेजसम्बन्धी डीपीआर  तत्काल तयार गर्ने निर्देशन जारी भएको  रिपोर्टमा उल्लेख गरिएको छ।

**<u>मौसम</u>**

भोली महालयासितै पितृपक्षको समापन र देवीपक्षको शुरूआत हुन्छ। तर यस उत्सवपूर्व नै मौसम विभागले बङ्गालमा दुर्गा पूजाको समय वर्षा हुने चेताउनी जारी गरेको छ। मौसम विभाग अनुसार महालयाको बिहान वर्षा हुने सम्भावना अहिलेसम्म छैन। तथापि अपरान्हपछि दक्षिण बंगालका केही जिल्लाहरूमा हल्कादेखि मध्यम वर्षा हुनसक्छ। आगामी सोमवार र मंगलवार राज्यका लगभग सबै जिल्लाहरूमा यस्तै किसिमको मौसम रहने पूर्वानुमान छ। बुधवारदेखि वर्षाको तीव्रता बढ्नसक्छ।यसबीच 25-26 सितम्बरमा बंगालको खाड़ीमा एक निम्न दबाव क्षेत्र बन्ने सम्भावना व्यक्त गरिएको छ। मौसम वैज्ञानिकहरूको मान्यता छ, यो बढ्दै गएर गहिरो निम्न दबावमा परिणत हुनसक्छ। यसको प्रभावले पूजा अवधि राज्यभरि नै वर्षा हुने सम्भावा रहेको छ। यस अतिरिक्त आगामी 26 सितम्बरमा बंगालको खाड़ीमा फेरि अर्को निम्न दबाव बन्नसक्छ। यसको प्रभावले दक्षिण बंगालका अधिकांश जिल्लाहरूमा फेरि हल्कादेखि मध्यम वर्षा हुनसक्छ। नवमीदेखि वर्षा अझ तीव्र हुनेछ। कतिपय जिल्लाहरूमा घना वर्षा हुने पनि अनुमान छ। उत्तर बंगालमा पनि भारी देखि मध्यम वर्षा हुने सम्भावना रहेको छ।

**सिलीगुड़ी पूजा कमिटि**

सिलगड़ी महानगर तथा वरिपरिका विभिन्न पूजा क्लबहीरूलाई पश्चिम बंगाल सरकारले प्रत्येक पूजा कमिटिहरूलाई प्रदन गरिने अनुदान राशि पुलिस आयुक्त सी सुधाबर रावले हिजो प्रत्येक पूजा कमिटिलाई एक लाख दस हजार रूपियाको अनुदान चेक प्रदान गर्नुहुँदै भन्नुभयो दार्जीलिङ तथा कालेबुङ जिल्लामा पूजालाइ ध्यानामा राखि कड़ा सुरक्षा मिलाईएको छ।

**रोजगार मेला**

दार्जीलिङ वेलफेयर सोसाईटीद्वारा प्रधानमंत्री नरेन्द्र मोदीको ७५ औ वर्ष्र पुगेकोमा सिलगड़ीमा आउँदो १५ र १६ नोभेम्बरको दिन रोजगार मेलाको आयोजना गर्नेछं उक्त जानकारी सोसाईटीका अध्यक्ष तथा भाजपाका राज्यसभा सांसद हर्ष्रवर्धन श्रृगंलाले एक सामाजिक संजाल पोष्ट मार्फत दिनुभएको छ।

**आरएसएस सेन्टिनेरी**

राष्ट्रिय स्वयंसेवक संध पश्चिम बंगालले भोली महालयाको अवसरमा एक साथ राज्यका प्रत्येक  नगर, उपनगर तथा खण्ड स्तरमा पथसंचालन आयोजित गरेको छ। राष्ट्रिय स्वयंसेवक संघको शाताब्दी वर्ष सामारोहको शुभारम्भ पनि भोलीदेखि राज्यमा गरिनेछ।

**जादवपुर र्‍यागिङ**

कोलकाताको जादवपुर विश्वविद्यालयमा फेरि एकपल्ट र्‍यागिङको विवादले तनाउ सृजना गरेको छ। हिजो साँझ न्यू बोइज होस्टेलका लगभग 50 जना तृतीय वर्षका छात्रहरूले अरोबिन्दो भवन सामु प्रदर्शन गरे। उनीहरूले मेन होस्टेल (ए-1 र ए-2 ब्लक)-बाट र्‍यागिंगका आरोपी छात्रहरूलाई नहटाउञ्जेलसम्म उनीहरू त्यहाँ नबस्ने बताएका छन्। यी छात्रहरू त्यही ब्याचका हुन् जसावधि अर्थात दुई वर्षपूर्व मेन होस्टेलमा र्‍यागिङको कारणले एकजना छात्रले ज्यान गुमाउन परेको थियो। उनीहरुले बताए अनुसार केही छात्रहरू मेन होस्टेलको कोठा हेर्न जाँदा ज्येष्ट छात्रहरूले उनीहरुलाई धम्काएका थिए। प्रदर्शनकारी छात्रहरूको भनाइ छ, “र्‍यागिङ कल्चर आज पनि जहाँको त्यहीँ यथावत छ।” छात्रहरूले आरोप लगाएका छन्, विश्वविद्यालयको जाँच समितिले 17 जना छात्रहरूलाई दोषी पाएको थियो र उनीहरूलाई निलम्बन साथै होस्टेलबाट निष्कासन गर्ने सिफारिस गरेको थियो। तर दोषी छात्रहरूले अदालतबाट स्थगनादेश (स्टे अर्डर) ल्याएका कारण अहिले पनि उनीहरू मेन होस्टेल मा नै बसिरहेका छन्।